## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी – लेनिनवादी)

## दोस्रो विधान महाधिवेशन

## भदौ २० – २२, २०८२, सनराइज सभाकक्ष, ललितपुर

## विधान संशोधन प्रस्ताव

कमरेड अध्यक्ष,

प्रतिनिधि कमरेडहरु

हामी यतिबेला पार्टीको दोस्रो विधान महाधिवेशनमा उपस्थित भएका छौं । हाम्रा सामु लेनिनवादी संगठनात्मक सिद्धान्त र पार्टी निर्माणका सन्र्भमा जनताको वहुदलीय जनवादले विकास गरेका नवीन र मौलिक मान्यताहरुको मार्गदर्शनमा नेकपा (एमाले)लाई निर्णायक राष्ट्रिय शाक्तिको हैसियतमा स्थापित गर्न अनुकूल हुनेगरी विधान संशोधन गर्ने ऐतिहासिक अभिभारा छ ।

विधान पार्टीको संगठनात्मक जीवनलाई मार्गदर्शन गर्ने गतिशील दस्तावेज हो । विधिसम्मत ढंगले सदस्य निर्माण, संगठन निर्माण र परिचालन, अन्तरविरोध ब्यवस्थापन र जनतासँग पार्टीको सम्बन्ध परिभाषित गर्ने दस्तावेज हो । पार्टीलाई बलियो, झन्पछि झन् बलियो बनाउने विधिशास्त्र हो ।

विधि र ब्यवहारको बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ । ब्यवहारलाई विधिले मार्गदर्शन गर्दछ र ब्यवहारका क्रममा आर्जित अनुभवका आधारमा विधिलाई परिमार्जन गरिन्छ । विधान कार्यान्वयनका क्रममा आर्जित अनुभवका आधारमा विधान संशोधन हुन्छ । विधानको दायराभन्दा बाहिरको अनुभव र आवश्यकतालाई विधिको दायरामा समेट्न विधानमा संशोधन गरिन्छ । अधिकार प्राप्त वैधानिक निकायले विधानको ब्यवस्था अनुरुप मात्र विधानमा संशोधन गर्न सक्तछ । हाम्रो सन्दर्भमा विधानमा संशोधन गर्न सक्ने अधिकारसम्पन्न वैधानिक निकाय विधान महाधिवेशन हो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी – लेनिनवादी)को विधान, २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ को संशोधन सहित)मा को धारा – १५ को १ मा ‘ ‘केन्द्रीय कमिटीले दुई राष्ट्रिय महाधिवेशनको बीचमा विधान महाधिवेशन आयोजना गर्ने” व्यवस्था गरिएको छ ।

सोही विधानको धारा – ८९ को २ मा ‘ ‘केन्द्रीय कमिटीले विधान महाधिवेशन सुरु हुनुभन्दा एक महिना अगावै मातहत कमिटी र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्ने” व्यवस्था छ ।

त्यसैगरी, धारा – ८९ को ३. मा ‘ ‘विधानमा संशोधन पेश गर्न चाहने प्रदेश वा स्थानीय कमिटी वा सदस्यले केन्द्रीय कमिटीसमक्ष लिखित सुझाव प्रस्तुत गर्नुपर्ने, त्यस्तो सुझावका सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्ने” र केन्द्रीय कमिटीको तर्फबाट विधान महाधिवेशन समक्ष विधान संशोधन प्रस्ताव प्रस्तुत हुने व्यवस्था गरिएको छ ।

केन्द्रीय कमिटीको २०८२ साउन ५ – ६ मा सम्पन्न नवौं बैठकले मातहत कमिटी र सदस्यहरु समक्ष एक महिनाभित्र सुझाव पठाउन निर्देशनसहित विधान संशोधनको मस्यौदा पठाएको थियो । तदनुरुप पार्टीब्यापी रुपमा छलफल भएको छ र निर्धारित समयमा सुझावहरु प्राप्त भएका छन् । प्राप्त सुझावहरुलाई औचित्यका आधारमा ग्रहण गरिएको छ र विधान संशोधन प्रस्तावलाई परिमार्जन गरिएको छ । यसरी विधानले निर्धारण गरेको प्रक्रिया पार गरेर पार्टीको दोस्रो विधान महाधिवेशन समक्ष विधान संशोधान प्रस्ताव (तीन महले) प्रस्तुत गरिएको छ ।

यस् विधान महाधिवेशनका प्रतिनिधि कमरेडहरुले विधान संशोधन सम्बन्धी प्रस्तावमा केन्द्रित भएर छलफल गर्नुहुनेछ र महाधिवेशनले उपयुक्त निर्णय लिनेछ भन्ने विश्वासका साथ विधानमा संशोधन प्रस्तावको सान्दर्भिकता र औचित्यका सम्बन्धमा संक्षिप्त चर्चा गर्ने अनुमति चाहन्छु ।

## १. प्रस्तावना

प्रस्तावनामा पार्टीले अवलम्बन गर्ने सिद्धान्त, कार्यक्रम, नीति र मूल्य – मान्यताका सम्बन्धमा संक्षिप्त र सुसंगठित रुपमा उल्लेख गरिन्छ । प्रस्तावना मात्रले पनि पार्टीलाई बुझ्न् सकिन्छ, पार्टीको वर्ग चरित्र, ध्येय – उद्देश्य बुझ्न सकिन्छ । अभ्यास र अनुभवका क्रममा पार्टीका सैद्धान्तिक, कार्यक्रमिक र नीतिगत मान्यताहरु विकसित हुँदै जान्छन् र प्रस्तावनालाई पनि तदनुरुप समृद्ध तुल्याउनु पर्दछ ।

समाजवाद हाम्रो पार्टीको अधिकतम कार्यक्रम हो । तर, आजै हामीले समाजवाद कार्यान्वयन गर्न सक्तैनौं । यतिबेला हामी समाजवादको आधार निर्माण गर्ने चरणमा छौं । अधिकतम कार्यक्रमको रुपमा रहेको समाजवाद कस्तो हुनेछ ? समाजवादको नेपाली स्वरुप कस्तो हुनेछ ? समयक्रममा हामीले यी प्रश्नको सामाधान खोज्दै अघि बढ्नु पर्नेछ ।

समाजवादका निश्चित सार्वभौम विशेषताहरु छन् र ती देश विषेशको विषेशता अनुरुप मात्र कार्यान्वयन हुनु सक्छन् । समाजवाद निर्माणका नाममा अरुको नक्कल गर्दा वा आफ्नो देश विशेषको विशेषतालाई वेवास्ता गर्दा गम्भीर क्षति बेहोर्नुपरेको अनुभव अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा प्रशस्त छन् । तसर्थ, हामीले निर्माण गर्ने समाजवाद सार्वभौम विशेषता अन्तरनिहित रहेको तर नेपाली मौलिकता र विशेषतासहितको हुनेछ ।

यही मान्यताका आधारमा प्रस्तावनाको चौथो अनुच्छेदमा "यो पार्टी ..... समाजवादको आधार निर्माण गर्न र" भन्ने वाक्यांशपछि "नेपाली विशेषताको समाजवाद स्थापना गर्न प्रतिवद्ध छ" भन्ने वाक्यांश थप्ने प्रस्ताव गरिएको छ ।

अध्यक्ष कमरेड केपी शर्मा ओलीको प्रस्तावमा हाम्रो पार्टीले नेपली जनताको राष्ट्रिय आकांक्षालाई ' 'समृद्ध नेपाल, सुखी नेपाली" भन्ने पदावलीमा सूत्रबद्ध गरेको छ । नेपाली मौलिकता र विशेषतामा आधारित यो सूत्रीकरण हरेक नेपालीका लागि वोधगम्य र ग्राह्य छ । तर, यो नेपाली जनताको राष्ट्रिय आकांक्षा मात्र नभएर हाम्रो आन्दोलनको उद्देश्य पनि हो । हाम्रो पार्टीको नेतृत्व र नेपाली जनताको सचेत र संगठित प्रयासबाट हासिल हुने राष्ट्रिय गन्तव्य पनि हो । तसर्थ, प्रस्तावनाको सातौँ अनुच्छेदमा उल्लिखित ' 'समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा" भन्ने वाक्यांशपछि ' 'एवम् राष्ट्रिय गन्तव्य" भन्ने वाक्यांश थप्ने प्रस्ताव गरिएको छ ।

## २. पार्टी सदस्यता

पार्टी निर्माणका सम्बन्धमा हामीले "जनआधारित कार्यकर्ता पार्टी" को सिद्धान्त अवलम्बन गर्दै आएका छौं । यसले हामीलाई एकातिर पार्टीको जनाधार फराकिलो बनाउन र अर्कातिर पार्टीको नीति र नेतृत्व निर्माणमा सचेत र संगठित कार्यकर्ताको निर्णायक भूमिका सुनिश्चित गर्न मार्गदर्शन गर्दछ । पार्टीको राजनीतिक कार्यदिशा अनुकूल हुनेगरी पार्टी सदस्यको प्रकार, गुणस्तर र भूमिका निर्धारण गर्न दिशानिर्देश गर्दछ ।

पार्टीे सदस्यताका सम्बन्धमा हामीसँग फरक – फरक समयको फरक – फरक अनुभव छ । हामीले नवौँ राष्ट्रिय महाधिवेशनयता एक प्रकारको सदस्यताको व्यवस्था र अभ्यास गर्दै आएका छौं । विगतको अभ्यास र अनुभवबाट एक प्रकारको पार्टी सदस्यको ब्यवस्थाले जनआधारित कार्यकर्ता पार्टी निर्माणको मर्मलाई प्रतिनिधित्व गर्न सक्तैन भन्ने अनुभव भएको छ ।

तसर्थ, पार्टी सदस्यतासम्बन्धी हालको व्यवस्थामा परिवर्तन गर्न र दुई प्रकारको सदस्यताको व्यवस्था गर्न आवश्यक देखिएको छ । पार्टीलाई समर्थन गर्ने र पार्टीको चुनाव चिह्न सूर्यमा मतदान गर्ने नेपाली नागरिकलाई सदस्यता प्रदान गर्ने र पार्टीको जनाधार फराकिलो पार्ने व्यवस्था गर्न जरुरी छ । सदस्यता प्राप्त गरेर निश्चित समय पार्टी काममा संलग्न भएको र पार्टीको नीति, नेतृत्व र भविष्य निर्माणमा भूमिका खेल्न सक्ने नेपाली नागरिकलाई संगठित सदस्यता प्रदान गर्ने व्यवस्था गर्न जरुरी छ ।

तदनुरुप पार्टीमा दुई प्रकारका सदस्य अर्थात् सदस्य र संगठित सदस्य रहने र उनीहरुको योग्यता, अधिकार तथा कर्तब्य फरक – फरक हुनेगरी संशोधन प्रस्ताव गरिएको छ ।

सदस्य

सदस्यको योग्यता

१८ बर्ष उमेर पूरा भएको नेपाली नागरिक । नैतिकवान र असल चालचलन भएको । पार्टीको नीति विचारलाई समर्थन गर्ने । सदस्यता शुल्क तिर्न तत्पर ।

सदस्यको अधिकार र कर्तब्य

साधारणसभामा सहभागी हुने । पार्टीको नीति, विचार सुन्ने, बुझ्ने र अध्ययन गर्ने । पार्टीद्वारा आयोजना हुने सार्वजनिक कार्यक्रमहरुमा सहभागी हुने । पार्टीको पक्षमा प्रचार – प्रसार गर्ने । पार्टीको चुनाव चिह्न सूर्यमा मतदान गर्ने ।

सदस्यता प्राप्त गर्ने प्रक्रिया

सदस्यताका प्राप्त गर्ने प्रक्रिया र यससम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने छ ।

नियमावलीमा वडा ÷ शाखा कमिटीले सदस्यता प्रदान गर्ने र पाँच बर्षमा एक पटक सदस्यता नवीकरण गर्ने ब्यवस्था गर्नु उचित हुन्छ ।

संगठित सदस्य

संगठित सदस्यको योग्यता

सदस्यको योग्यताका अतिरिक्त माक्र्सवाद, लेनिनवाद, जनताको बहुदलीय जनवाद र पार्टीको सिद्धान्त, कार्यक्रम तथा नीतिप्रति प्रतिवद्ध भएको । पार्टी सदस्य वा जनवर्गीय संगठनको सदस्य वा पेसागत संगठनको सदस्य वा सम्पर्क मञ्चको सदस्य भई कम्तीमा एक वर्ष काम गरेको । पार्टीद्वारा आयोजित राजनीतिक महत्वका र जनसरोकारका कार्यक्रमहरुमा सक्रिय रहेको । तोकेबमोजिम संगठित सदस्यता शुल्क र लेबी तिर्न तत्पर रहेको ।

संगठित सदस्यको अधिकार र कर्तब्य

पार्टीका कमिटी वा निकाय वा विभाग वा जनसंगठन वा सम्पर्क मञ्च वा तोकिएको संगठनमा संगठित भई काम गर्ने । पार्टीको निर्देशन, निर्णय र दस्तावेज प्राप्त गर्ने, अध्ययन गर्ने र कार्यान्वियन गर्ने । बैठक र अधिवेशन, महाधिवेवशनमा चुन्ने, चुनिने र मत जाहेर गर्ने । पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको अनुशरण गर्ने । पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सक्रिय रुपमा सहभागी हुने । पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठाको पक्षमा क्रियाशील रहने । पार्टीप्रति इमानदार रहने र अनुशासन पालना गर्ने । जनसरोकारका काम, विकास निर्माण र उत्पादनशील कार्यमा सक्रिय रहने । तोकिएबमोजिम सदस्ता शुल्क र लेबी तिर्ने ।

संगठित सदस्यता प्राप्त गर्ने प्रक्रिया

दुईजना संगठित सदस्य र मातहत कमिटीहरुको तहगत सिफारिससहित जिल्ला कमिटीमा आवेदन दिने । जिल्ला कमिटीले छानवीन गरी योग्यता पुगेको ब्यक्तिलाई संगठित सदस्यता प्रदान गर्ने र उक्त निर्णय अनुमोदनका लागि प्रदेश कमिटीमा पठाउने । प्रदेश कमिटीले तोकिएको प्रक्रिया पूरा गरी अनुमोदन गर्ने । केन्द्रीय संगठन विभागले सदस्यता नम्बर प्रदान गर्ने । शपथ ग्रहण गरेपछि संगठित सदस्यता प्राप्त गरेको मानिने ।

परीक्षणकालीन अवधि

दुई प्रकारको सदस्यताको ब्यवस्था अन्तर्गत सदस्यता वा संगठित सदस्यता प्राप्त गर्नका लागि परीक्षणकालीन अवधि र दायित्वसम्बन्धी ब्यवस्था आवश्यक नपर्ने हुँदा यो ब्यवस्था हटाउने प्रस्ताव गरिएको छ ।

मानार्थ सदस्यता र मरणोपरान्त सदस्यता

केन्द्रीय कमिटीले कम्युनिष्ट आन्दोलन वा लोकतान्त्रिक तथा सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका ब्यक्तिलाई संगठित सदस्यता, मानार्थ सदस्यता र मरणोपरान्त सदस्यता प्रदान गर्न सक्ने प्रस्ताव गरिएको छ ।

सदस्यताको नवीकरण र अभिलेख

सदस्य, संगठित सदस्य र मानार्थ सदस्यको नवीकरण र अभिलेख नियमावलीमा उल्लेख गर्न उचित हुने भएकाले तदनुरुप प्रस्ताव गरिएको छ ।

**३. केन्द्रीय निकाय**

पार्टीका केन्द्रीय निकायहरुको अधिकार र कर्तब्य विधानमा स्पष्टरुपमा उल्लेख गरिएको छ । तर, तिनीहरुको मर्यादाक्रममा भने सामान्य हेरफेर गर्नुपर्ने आवश्यता छ ।

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्ले केन्द्रीय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक तथा संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने र केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग तथा केन्द्रीय निर्वाचन आयोगको समग्र कामको समीक्षा गरी निर्देशन दिने हुनाले केन्द्रीय निकायको साविकको मर्यादाक्रमको सट्टा देहायबमोजिम प्रस्ताव गरिएको छः

१. राष्ट्रिय महाधिवेशन ।

२. विधान महाधिवेशन ।

३. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् ।

४. केन्द्रीय कमिटी ।

५. केन्द्रीय अनुशासन आयोग ।

६. केन्द्रीय लेखा आयोग ।

७. केन्द्रीय निर्वाचन आयोग ।

८. केन्द्रीय सल्लाहकार परिषद् ।

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्लाई केन्द्रीय कमिटीभन्दा एकतह माथिल्लो मर्यादाक्रममा राख्न प्रस्ताव गरिएको छ ।

**४. केन्द्रीय कमिटी अन्तर्गतका संरचनाहरु**

यसअघि केन्द्रीय कमिटीले केन्द्रीय तहमा पोलिट्ब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय कार्यालय जस्ता संरचनाहरु निर्माण गर्ने ब्यवस्था थियो । जति धैरै संरचना भयो, कार्यसम्पादन त्यति धैरै लामो, जटिल र कठिन हुन जान्छ, छरितो र गुणस्तरीय कार्यसम्पादन हुन सक्तैन । एउटै तहमा धैरै संख्यामा अनावश्यक संगठनात्मक संरचना निर्माण गर्दा अन्तरपार्टी लोकतन्त्रमा

समेत संकुचन पैदा हुन्छ । केन्द्रीय कमिटीले निर्वाचन ÷ गठन गर्ने केन्द्रीय तहका संरचनाहरुको संख्या घटाउनु र आवश्यकता तथा औचित्यको आधारमा मात्र त्यस्ता संरचना निर्माण गर्नु उचित हुन्छ ।

तदनुरुप केन्द्रीय कमिटी अन्तर्गतका केन्द्रीय सचिवालय र केन्द्रीय कार्यालयको ब्यवस्था हटाउने । पोलिट्ब्युरो र स्थायी कमिटी कायम राख्ने । केन्द्रीय कार्यालय नामक संरचना नरहने हुनाले त्यसका लागि निर्धारण गरिएको अधिकार र कर्तब्य पनि हटाउने ।

केन्द्रीय कमिटीको कूल सदस्य संख्याको बढीमा एक तिहाई हुने गरी केन्द्रीय कमिटीले पोलिट्ब्युरोको निर्वाचन गर्ने । साविकको विधानमा निर्धारण गरिएको स्थायी कमिटीको अधिकार र कर्तब्य पोलिट्ब्युरोका लागि निर्धारण गर्ने ।

केन्द्रीय कमिटीका पदाधिकारीहरु रहने गरी स्थायी कमिटी गठन गर्ने । साविकको विधानमा केन्द्रीय सचिवालयका लागि निर्धारण गरिएको अधिकार र कर्तब्य स्थायी कमिटीका लागि निर्धारण गर्ने ।

### ५. केन्द्रीय कमिटीको सदस्य संख्या र पदाधिकारी

प्रभावकारी कार्यविभाजन र नतिजामुलक कार्यसम्पादनका लागि पार्टीमा बहुपदीय व्यवस्था गरिएको हो । तर, केन्द्रीय कमिटीमा पदाधिकारीको संख्या अत्यधिक हुनाले क्षमताको सदुपयोग र उद्देश्यअनुरुपको नतिजा प्राप्त गर्न सकिएको छैन । त्यसैगरी केन्द्रीय कमिटीको सदस्य संख्या अत्यधिक हुनाले सदस्यहरूका लागि उपयुक्त जिम्मेवारी निर्धारण गर्न र कमिटीको गुणस्तर कायम गर्न सकिएको छैन ।

तसर्थ, राष्ट्रिय महाधिवेशनले अध्यक्ष, उपाध्यक्ष – ३, महासचिव, उपमहासचिव – ३, सचिव – ७ समेत २५१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्ने र प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीको पदेन सदस्य हुने ब्यवस्था गर्ने ।

केन्द्रीय कमिटीको निवर्तमान अध्यक्ष स्वतः बरिष्ठ नेता हुने अर्थात् अनिर्वाचित व्यक्ति कार्यकारी कमिटीको दोस्रो बरियताको पदाधिकारी हुने ब्यवस्था लोकतान्त्रिक प्रणालीको मर्मविपरीत छ । यस्तो ब्यवस्थाले ब्यक्तिको महत्वाकांक्षालाई सम्बोधन गर्ने बाहेक अरुकुनै सकारात्मक योगदान गर्दैन । यसले पार्टीमा वहुकेन्द्रको अवस्था सिर्जना हुने र पार्टीको आन्तरिक जीवन अन्तर्विरोधग्रस्त हुने जोखिम रहन्छ । तसर्थ, केन्द्रीय कमिटीको निवर्तमान अध्यक्ष स्वतः बरिष्ठ नेता हुने हालको ब्यवस्था हटाउने प्रस्ताव गरिएको छ ।

## ६. स्थायी कमिटीको कर्तव्य

स्थायी कमिटीको निर्णय अनुमोदनका लागि केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्नुपर्ने ब्यवस्था गर्ने । पोलिट्ब्युरोको बैठकमा प्रस्तुत गर्न नपर्ने ब्यवस्था गर्ने ।

## ७. पदाधिकारीको अधिकार र कर्तव्य

हामीले अवलम्बन गरेको बहुपदीय प्रणाली अध्यक्षले कार्यकारी प्रमुखको हैसियतमा वैचारिक, राजनीतिक तथा संगठनात्मक कामको नेतृत्व गर्ने प्रणाली हो । यसमा कमिटीप्रति जवाफदेही हुने र अन्य पदाधिकारीहरू कमिटी तथा अध्यक्षप्रति जवाफदेही हुन्छन् । यो प्रणाली सामूहिक नेतृत्वको पक्षमा र बहुकेन्द्रको विरुद्धमा छ । तर, पार्टीपंक्तिभित्र छिटफुट रूपमा राजनीतिक र संगठनात्मक कामका लागि फरक – फरक पदाधिकारीलाई मुख्य नेता ठान्ने भ्रमपूर्ण बुझाइ रहेको पाइन्छ । यस्तो बुझाइले पार्टीभित्र द्वैध नेतृत्व र बहुकेन्द्रको गलत मनोविज्ञान निर्माण गर्ने सम्भावना रहन्छ । तसर्थ,

अध्यक्षको अधिकार र कर्तब्यलाई देहायबमोजिम थप स्पष्ट गर्ने,

- राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्मा केन्द्रीय कमिटीको तर्फबाट र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीमा अध्यक्षको हैसियतले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

- राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउन महासचिवलाई निर्देशन दिने । बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने, बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने ।

महासचिवको अधिकार र कर्तब्यलाई देहायबमोजिम थप स्पष्ट गर्ने,

- अध्यक्षको निर्देशनअनुरुप राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउने ।

- अध्यक्षको निर्देशनअनुरूप राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का निर्णयहरु कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा प्रस्तुत गर्ने ।

– राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्न अध्यक्षलाई सघाउने ।

– केन्द्रीय कार्यालय सञ्चालन गर्ने ।

## ८. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्

विधानमा "राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा आवश्यकताअनुसार आयोजना गरिनेछ" भन्ने उल्लेख गरिएको छ । यस्तो ब्यवस्थाले एकातिर आवश्यकतालाई कसरी परिभाषित गर्ने भन्ने समस्या पैदा गर्दछ भने अर्कोतिर बैठक आयोजना नगर्दा पनि विधान प्रतिकूल नहुने अवस्था रहन्छ । विधानमा यति महत्वपूर्ण संरचना निर्माण गर्ने तर त्यसको बैठक बसे पनि हुने, नबसे पनि हुने अवस्था रहनु उचित हुँदैन । तसर्थ, साविकको ब्यवस्थाको सट्टा "राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा सामान्यतया एकपटक आयोजना गरिनेछ" भन्ने उल्लेख गर्ने ।

## ९. केन्द्रीय निकायहरु

साविकको सविचालयको ब्यवस्था हटाउने र साविकको स्थायी कमिटीको अधिकार र कर्तब्यको प्रयोग र पालना पोलिट्ब्युरोले गर्ने प्रस्ताव गरिएको हुनाले त्यससँग संगति मिल्ने गरी केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्षको मयार्दा पोलिट्ब्युरो सदस्य सरह हुने र अध्यक्षहरुले केन्द्रीय कमिटी तथा पोलिट्ब्युरोको बैठकमा भाग लिने तर मताधिकार नहुने प्रस्ताव गरिएको छ ।

## १०. पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू

– काठमाडौँ उपत्यकाको पार्टी कामको प्रभाव राष्ट्रब्यापी रुपमा पर्ने यथार्थसँग हामी सबै जानकार छौँ । तर, केही बर्षयता यहाँको पार्टी काम राम्रोसँग उठ्न सकेको छैन र त्यसको प्रभाव निर्वाचन परिणाममा पनि परिरहेको छ । यसका पछाडि राष्ट्रिय राजनीतिक परिस्थितिको प्रभाव पनि होला तर यसका लागि हामीले अवलम्बन गरेको संगठनात्मक प्रवन्ध तथा जनता र कार्यकर्ता बीचको आपसी सम्बन्धमा प्रकट भएको सीमा पनि एकहदसम्म जिम्मेवार छ । जनतासँग, जनताको समस्यासँग घनिष्ट रुपमा जोडिएको र समस्याको समाधान दिन सक्ने गतिशील, सदृढ र अनुशासित पार्टी निर्माण नगरी अहिलेको अवस्थालाई बदल्न सकिन्न । यसका लागि अनुकूल हुने संगठनात्मक संरचना अवलम्बन गर्न जरुरी छ ।

यही मान्यताका आधारमा काठमाडौँ उपत्यका अन्तर्गतका भूगोलका तीन जिल्ला र विशेष जिल्ला कमिटी कार्यक्षेत्र रहने गरी प्रदेशस्तरीय राजधानी विशेष कमिटीको ब्यवस्था गर्ने प्रस्ताव गरिएको छ ।

– शुरुका दिनहरुमा मोफसलबाट काठमाण्डौ उपत्यकामा आएर अस्थायी रुपमा बसोबास गरेका ब्यक्तिहरुसँग पार्टीको सम्पर्क विकास गर्ने खुकुलो संरचनाका रुपमा सम्पर्क मञ्च गठन गरिएको थियो । पछिल्ला दिनहरुमा हामीले फरक – फरक तहमा सम्पर्क समन्वय कमिटी, सम्पर्क कमिटी र सम्पर्क मञ्चको अभ्यास गर्दै आएका छौं । सम्पर्क कमिटी र सम्पर्क मञ्चको औचित्य ब्यवहारबाटै पुष्टि भएको छ । यसलाई अझ प्रभावकारी बनाउन जरुरी छ ।

यसका लागि सम्पर्क समन्वय कमिटीको ठाउँमा निर्वाचनबाट सम्पर्क विशेष कमिटी निर्माण गर्ने । प्रदेश सम्पर्क कमिटीको हालको ब्यवस्थालाई यथावत् कायम गर्ने । जिल्ला तहमा सम्पर्क मञ्चको ठाउँमा निर्वाचनबाट सम्पर्क कमिटी निर्माण गर्ने । निर्वाचन क्षेत्र र पालिका तहमा सम्पर्क मञ्च गठन गर्ने प्रस्ताव गरिएको छ ।

राजधानिका साथै केन्द्रीय कमिटीले तोकेका देशका प्रमुख शहरहरुमा पनि सम्पर्क मञ्च गठन गर्न सकिने प्रस्वाव गरिएको छ । सम्पर्क कमिटी वा सम्पर्क मञ्चको कार्यक्षेत्र अन्तर्गत मतदाता नामावलीमा नाम समावेश भएको ब्यक्ति सम्पर्क कमिटी वा मञ्चमा संगठित हुन नपाउने प्रस्ताव गरिएको छ ।

## ११. प्रदेश कमिटी

– हाम्रो पार्टी महिला सशक्तिकरणका लागि सञ्चालित आन्दोलनको नायक हो । पहिलो पटक स्थानीय तहका प्रत्येक वडामा महिला उम्मेदावरी अनिवार्य गर्ने यही पार्टी हो । पार्टी कमिटीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने पहिलो पार्टी पनि यही नै हो । प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभा लगायतका जनप्रतिनिधि संस्था र राज्यका निकायहरुमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्छ भनेर एजेन्डा अघि सार्ने, आन्दोलनको नेतृत्व गर्ने र निष्कर्षमा पु¥याउने पार्टी पनि नेकपा (एमाले) नै हो । महिला सशक्तीकरण र महिला सहभागिता अभिवृद्धिको हाम्रो अभियान निरन्तर जारी रहन्छ ।

यही अभियानको एउटा कडिको रुपमा प्रदेश, जिल्ला र सो मातहतका स्थानीय कमिटीहरुमा कम्तीमा एक महिला पदाधिकारी हुनैपर्ने गरी विधान संशोधन गर्ने प्रस्तााव गरिएको छ । महिला सशक्तीकरण र राज्य तथा पार्टीका विभिन्न निकाय र तहमाा सहभागिता अभिवृद्धि गर्न सदस्य र संगठित सदस्यको दायार विस्तार गर्न जरुरी छ ।

– प्रदेश कमिटी, जिल्ला कमिटी र सो मातहतका कमिटीको सदस्य संख्या विधानमा तोकिदै आएको छ । तर, दुई महाधिवेशनको बीचमा सदस्य संख्याको बारेमा कहिले खुकुलो त कहिले कसिलो नीति लिनु पर्ने हुन सक्तछ । कमिटीको सदस्य संख्या विधानमा उल्लेख गर्दा संशोधनका लागि महाधिवेशन कुर्नुपर्ने हुन सक्छ । तसर्थ, प्रदेश, जिल्ला र सो मातहतका स्थानीय कमिटीको सदस्य संख्या केन्द्रीय कमिटीले तोक्न सक्ने गरी संशोधन प्रस्ताव गरिएको छ ।

## १२. प्रदेश कमिटीको अधिकार र कर्तब्य

– सबै तहका सल्लाहकार परिषद्मा पदाधिकारी र सदस्य संख्यामा एकरुपता ल्याउने र असिमित संख्यामा सदस्य मनोनयन नहोस् भन्ने उद्देश्यले प्रदेश, जिल्ला र सो मातहतका स्थानीय कमिटीले समेत अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कुल सदस्य संख्याभन्दा बढी नहुने गरी प्रदेश सल्लाहकार परिषद् गठन गर्न सक्ने प्रस्ताव गरिएको छ । सल्लाहकार परिषद् सम्बन्धित कमिटीप्रति उत्तरदायी हुने र यससम्बन्धी अन्य व्यवस्था तोकेबमोजिम हुने प्रस्ताव गरिएको छ ।

## १३. अधिवेशन

– प्रदेश र स्थानीय कमिटीका अधिवेशनहरु कामको आवधिक समीक्षा र नेतृत्वको आवधिक मूल्यांकन गर्ने निर्णायक संरचनाहरु हुन् । अधिवेशनको अवधि प्रभावकारी कार्यसम्पादन र नेतृत्व विकासका लागि अनुकूल हुने गरी तय गर्नुपर्दछ । तुलनात्मक रुपमा तल्ला कमिटीको छोटो र माथिल्ला कमिटीको अधिवेशन अवधि लामो हुनु उचित हुन्छ । वडा÷शाखा अधिवेशनको अवधि तीन बर्षको सट्टा दुई बर्ष प्रस्ताव गरिएको छ ।

यस अनुरुप हुँदा अब राष्ट्रिय महाधिवेशन पाँच बर्षमा, प्रदेश अधिवेशन चार बर्षमा, जिल्ला र पालिका÷इलाका अधिवेशन तीन बर्षमा, वडा÷शाखा र टोल÷प्रारम्भिक अधिवेशन दुई बर्षमा आयोजना हुनेछन् ।

## १४. टोल कमिटीको कार्यक्षेत्र

– टोल कमिटीको कार्यक्षेत्रका सम्बन्धमा स्थानीय कमिटी र कार्यकर्ताहरुको बुझाइमा विविधता र यदाकदा अस्पष्टता पनि देखिएको छ । अब हामीले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाले आ–आफ्नो पालिका अन्तर्गत परिभाषित गरेको टोल विकास समितिको कार्यक्षेत्रमा आधारित भएर टोल अधिवेशन आयोजना गर्नुपर्दछ र अधिवेशनबाट टोल कमिटी गठन गर्नुपर्दछ ।

## १५. निर्वाचन क्षेत्र समन्वय कमिटी

– प्रतिनिधिसभा, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचनका लागि पार्टीको पक्षमा अनुकूल जनाधार निर्माण गर्न, निर्वाचन परिचालन वा संयोजन गर्न र जनप्रतिनिधि, निर्वाचन क्षेत्रका जनता र निर्वाचन क्षेत्रको पार्टीपंक्तिको बीचमा जीवन्त सम्बन्ध बनाइराख्न एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेशसभा निर्वाचन क्षेत्रमा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्ने ब्यवस्थालाई निरन्तरता दिनुपर्दछ ।

तर यी समन्वय कमिटीमा रहने सदस्यहरुको संख्या ठूलो छ । यो ब्यवस्थामा परिवर्तन गर्न र छरितो एवम् कामकाजी समन्वय कमिटी बनाउन समन्वय कमिटीको सदस्य संख्या निर्धारण गर्ने जिम्मेवारी केन्द्रीय कमिटीलाई प्रदान गर्नुपर्दछ र केन्द्रीय कमिटीले नियमावली मार्फत उपयुक्त संख्या तोक्नुपर्दछ ।

– प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको अधिकार र कर्तब्य विधानमा तोक्नुको सट्टा केन्द्रीय कमिटीले तोकेबमोजिम हुने ब्यवस्था गर्नुपर्दछ ।

## १६. निर्वाचन

– सािवक विधानमा समन्वय कमिटी र संगठन कमिटीबाहेक सबै तहका कमिटी महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुने उल्लेख गरिएको छ । समन्वय कमिटी र संगठन कमिटीका साथै अनुशासन आयोग, लेखा आयोग र निर्वाचन आयोगहरुको गठन पनि निर्वाचनबाट हुने उल्लेख गर्न जरुरी छ ।

## १७. उम्मेदवार हुने योग्यता

– हरेक तहका कमिटी वा निकायका पदाधिकारी वा सदस्यमा न्यूतम् सैद्धान्तिक – राजनीतिक ज्ञान हुन जरुरी हुन्छ । तसर्थ, उम्मेदवार हुन आवश्यक योग्यतामा "हरेक तहका कमिटी वा निकायमा पदाधिकारी वा सदस्यका लागि उम्मेदवार हुन चाहने व्यक्तिले आधारभूत वा सोभन्दा माथिल्लो तहको पार्टी स्कुल वा प्रशिक्षण कक्षामा सहभागी भएको हुनुपर्नेछ । तर, वहालवाला पदाधिकारी वा सदस्यलाई अन्य मापदण्ड पूरा भएको अवस्थामा कुनै पनि तहको कमिटी वा निकायमा उम्मेदवार हुन उक्त व्यवस्था अनिवार्य हुने छैन" भन्ने ब्यवस्था थप्न जरुरी छ ।

## १८. सत्तरी बर्षे उमेर हद

– दशौँ राष्ट्रिय महाधिवेशनले प्रथम विधान महाधिवेशबाट पारित विधानको धारा – ६४ मा संशोधन गर्दै "सबै तहको कार्यकारी कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित हुन ७० बर्ष उमेर पूरा नभएको हुनपर्नेछ । तर, ७० बर्ष पूरा नहुँदै निर्वाचित वा मनोनित भएको ब्यक्तिले अर्को महाधिवेशन ÷ अधिवेशन नभएसम्म आफू निर्वाचित वा मनोनित पदमा रही जिम्मेवारी बहन गर्न बाधा पुग्ने छैन" भन्ने ब्यवस्था गरेको थियो । तर, विधानको उक्त व्यवस्थाका सम्बन्धमा २०८० बैशाख २८ – ३० मा सम्पन्न केन्द्रीय कमिटीको पाचौँ बैठकले "पार्टी विधानमा रहेको ७० बर्षको उमेर हद हाललाई निलम्बन गर्ने" निर्णय गरेको थियो । केन्द्रीय कमिटीको उक्त निर्णय समेतलाई दृष्टिगत गर्दै ७० बर्षे उमेर हदका सम्बन्धमा विधान महाधिवेशनले उपयुक्त निर्णय गर्न जरुरी छ ।

– आन्दोलनको सफल नेतृत्वका लागि योग्यता, अनुभव, योगदान र स्वीकार्यताको निर्णायक भूमिका रहन्छ । ब्यक्तिको उमेर ७० बर्षभन्दा कम भएर पनि ब्यक्तिमा यी विशोषताहरु छैनन् भने त्यस्तो ब्यक्तिले आन्दोलनको नेतृत्व गर्न सक्तैन । यी बिशेषताहरुसहित क्रियाशील ब्यक्तिले ७० बर्षभन्दा बढी उमेर भए पनि आन्दोलनको सफल नेतृत्व गर्न सक्तछ । नेपाल र अन्तर्राष्ट्रिय जगतमा यस्ता उदाहरण प्रशस्त छन् ।

– दशौं राष्ट्रिय महाधिवेशनबाट बाहिर निस्केको केही महिनामै उमेर हदको वैधानिक व्यवस्था निलम्बन गरेर ७० बर्षभन्दा बढी उमेरको कमरेडलाई केन्द्रीय कमिटीमा मनोनयन गरेको अनुभव हामीसँग छ ।

– हरेक व्यक्तिको जीवनको उमेर हद र सक्रियताको उमेर हद फरक – फरक हुन्छ । उमेर हदको नाममा योग्य नेताहरुको पंक्तिबाट योग्यतम् नेताको छनोट गर्ने अवसर गुमाउन हुँदैन । योग्यहरु मध्येको योग्यतम् र सक्रिय नेतालाई नेतृत्वदायी भूमिकाबाट हटाउन वा त्यस्तो भूमिकामा पुग्न नदिन ७० बर्षे उमेर हदको प्रवन्ध गर्नु कुनै पनि दृष्टिले उचित हुँदैन । यही मान्यताका आधारमा २०८० बैशाख २८ – ३० मा सम्पन्न केन्द्रीय कमिटीको पाचौँ बैठकको "पार्टी विधानमा रहेको ७० बर्षको उमेर हद हाललाई निलम्बन गर्ने" भन्ने निर्णय अनुमोदन गर्न ७० बर्षे उमेर हदसम्बन्धी धारा – ६४ को ब्यवस्था खारेज गर्न प्रस्ताव गरिएको छ ।

## १९. मनोनयन

हालको विधानमा केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगले महाधिवेशनबाट निर्वाचित सदस्य संख्याको बढीमा २० प्रतिशत सदस्य मनोनित गर्न सक्ने ब्यवस्था छ । आयोगको संरचनालाई भद्दा र बोझिलो हुनबाट जोगाउन मनोनित गर्ने साविकको २० प्रतिशत घटाएर १० प्रतिशत बनाउन प्रस्ताव गरिएको छ ।

## २०. पदपूर्ति

साविकको विधानमा अध्यक्षको पद रिक्त भएमा बैठकबाट कार्यवाहक अध्यक्ष चयन नहुँदासम्म बरिष्ठ उपाध्यक्ष ÷ उपाध्यक्षले कार्यवाहक भएर काम गर्ने ब्यवस्था गरिएको थियो । प्रस्तावित विधानमा बरिष्ठ उपाध्यक्षको ब्यवस्था नरहेको हुँदा अध्यक्षको पद रिक्त भएमा बैठकबाट कार्यवाहक अध्यक्ष चयन नहुँदासम्म उपाध्यक्षले कार्यबाहक भएर काम गर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी महासचिवको पद रिक्त भएमा उपमहासचिवले र प्रदेश तथा स्थानीय कमिटीको सचिवको पद रिक्त भएमा कमिटीको बैठकबाट कार्यवाहक सचिव चयन नभएसम्म उपसचिवले कार्यवाहक भएर काम गर्ने प्रस्ताव गरिएको छ ।

## २१. बैठक

प्रदेश कमिटी र जिल्ला कमिटी बैठक दुई महिना र जिल्ला कमिटी मातहतका सबै तहका स्थानीय कमिटीहरुको बैठक एक महिनामा नबढाई आयोजना गर्नुपर्ने विद्यमान व्यवस्थाले बैठकको प्रभावकारी आयोजना र उपलब्धिपूर्ण बैठक ब्यवस्थापनमा

प्रतिकूलता सिर्जना गरेको छ । तसर्थ, प्रदेश कमिटीको बैठक चार महिना, जिल्ला कमिटीको बैठक तीन महिना, पालिका कमिटीको बैठक दुई महिना र सो मातहतका कमिटीको बैठक एक महिनामा नबढाई आयोजना गर्ने प्रस्ताव गरिएको छ ।

## २२. अनुसूची

पार्टीको लोगोमा अङ्कित हसिया – हथौडामा रङ प्रयोग सुनौलो छ । तर झण्डामा अङ्कित हँसिया – हथौडाको रङ भने सेता छ । झण्डा र लोगोमा प्रयोग भएको हँसिया – हथौडाको रङमा एकरुपता कायम गर्न झण्डामा अङ्कित हँसिया – हथौडाको रङलाई सुनौलो बनाउने प्रस्ताव गरिएको छ ।

## २३. विविध

विधानको सारभूत विषय नछुट्ने गरी संक्षिप्त बनाउन, क्रमसंख्या, भाषा र संगति मिलाउन, दोहोरिएका र नियमावलीमा उल्लेख गर्नुपर्ने बिषयहरू हटाउन यस विधान महाधिवेशनबाट निर्णय हुने अपेक्षा गरिएको छ ।

२०८२ भदौ २०